नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरवार, काठमाडौं

नेपाल सरकार राष्ट्रिय सतर्कता केन्द्र सिंहदरवार, काठमाण्डौं

## सवारी साधन (पिक अप) खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०७८/०२/०३)

यस केन्द्रको लागि स्वीकृत स्पेसिफिकेशन बमोजिमको तपसिल बमोजिम सवारी साधन (पिक अप) खरिद गर्नु परेकोले इच्छुक आयकर र मूल्य अभिबृद्धि करमा दर्ता भएका इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुबाट तपसिलका शर्तहरुको अधिनमा रही विद्युतीय बोलपत्र आह्वान गरिएको छ।

तपसिल

१. बोलपत्र फाराम र सो संग सम्बन्धित Specification समेत यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र कम्पनी दर्ताको प्रमाणपत्र, PAN तथा VAT दर्ता प्रमाणपत्र र आ.ब. २०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत संलग्त गरी विद्युतीय माध्यमवाट बोलपत्र पेश गर्न सकिने छ।

२. बोलपत्र पेश गर्दा जमानत बापत तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम एभरेष्ट बैंक लिमिटेड, सिंहदरवार शाखाको राष्ट्रिय सतर्कता केन्द्रको नाममा रहेको धरौटी खाता नं. ००१००१०५२०१२६८ कार्यालय कोड नं. ३०१०४३५०१ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस केन्द्रको नाममा जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरि ९० (नब्बे) दिन अबधी (Validity) रहेको सक्कल बैंक जमानतपत्र (Unconditional Bidbond) संलग्न गरि पेश गर्नुपर्ने छ।

३. बोलपत्र स्वीकृत भएमा कबोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी बापतको रकमको बैंक भौचर वा यस केन्द्रको नाममा जारी गरिएको कम्तिमा १३ महिना म्याद भएको कार्य सम्पादन जमानत (परफरमेन्स बण्ड) पेश गर्नुपर्ने छ।

४. बोलपत्र पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

५. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा स्वघोषणा कागजात बोलपत्र साथ पेश गर्नुपर्ने छ।

६. रीत नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

७. प्रचलित ऐन, नियम, अनुसार सवारी साधनमा लाग्ने कर बोलपत्रदाता स्वयंले नै व्यहोर्नुपर्ने छ।

८. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस केन्द्रमा निहित हुनेछ।

९. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन्।

१०. बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस केन्द्रको सूचनापाटीमा टाँस गरिने छ।

११. बोलपत्र सम्बन्धी थप जानकारीका लागि यस केन्द्रमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ।

१२. बोलपत्र सम्बन्धी सम्पूर्ण कुराहरु बोलपत्र फाराममा उल्लेखित स्पेसिफिकेसन एवं शर्त, सार्वजनिक खरिद ऐन, २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) तथा नेपाल सरकारका अन्य प्रचलित ऐन नियमहरु बमोजिम हुनेछन्।

बोलपत्र सम्बन्धी कागजातको दस्तुर जम्मा गर्ने विवरण

बैंकको नाम: एभरेष्ट बैंक
कार्यालय कोड नं.: ३०१०४३५०१
राजश्व शिर्षक नं.:१४२२९
राजश्व खाता नं.: ००१००१०६२००००००

तपसिल

| क्र.सं. | बोलपत्र/ठेक्का नं. | कामको विवरण | बोलपत्र/दरभाउपत्र सम्बन्धी दस्तुर | आवश्यक संख्या | जमानत रकम (रु.मा) |
|---|---|---|---|---|---|
| १ | NVC/G/NCB/ 077/78-1 | Right hand 4WD drive Double cab Pick up | ३०००।- | २ | २,९०,०००/- |

उप-सचिव